नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क ५ | माघ २०८० | जनवरी-फेब्रुवरी २०२४

# BOK- KPP, 2023 को अन्तिम सेमिनार सम्पन्न




बैंक अफ कोरिया, डङ्कक युनिभर्सिटी र नेपाल राष्ट्र बैंकको संयुक्त प्रयासमा सञ्चालित 'Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2023' कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न भएको छ। पुस १९ गते काठमाडौंमा अन्तिम सेमिनार आयोजना गरिएको हो।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले नेपाली अर्थतन्त्रको वर्तमान अवस्थाबारे प्रकाश पार्नुभयो। उहाँले अहिले तरलताको अवस्था सहज रहेको, चालु खातासँगै शोधनान्तर अवस्था बचतमा रहेको, आर्थिक गतिविधि चलायमान भएसँगै ऋणको माग वृद्धि भएकोले अर्थतन्त्र सन्तोषजनक अवस्थातर्फ गइरहेको धारणा राख्नुभयो। 'म्याक्रो स्ट्रेस टेस्टिङ' वित्तीय स्थायित्वको महत्वपूर्ण उपकरण रहेको उल्लेख गर्दै उहाँले नियमित स्ट्रेस टेस्टिङबाट वित्तीय क्षेत्रको जोखिम मूल्याङ्कन गर्न र सम्भावित जोखिम बहन गर्नसक्ने क्षमता विकास गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो।

सो अवसरमा नेपालका लागि दक्षिण कोरियाली राजदुत चोङ सुक पार्कले उक्त परियोजनाले नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीचको पारस्परिक सम्बन्ध र सहयोगलाई प्रवर्द्धन गरेको उल्लेख गर्दै दुईपक्षीय सम्बन्ध आगामी दिनमा थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। कोरियाको वित्तीय विकासको मोडेल नेपालको लागि समेत उपयोगी हुनसक्ने उहाँको धारणा थियो।

कार्यक्रममा BOK-KPP, 2023 को संयुक्त अनुसन्धान टोलीका तर्फबाट अध्ययनसँग सम्बन्धित विषयमा छुट्टाछुट्टै चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। उक्त कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो। कार्यक्रममा उक्त परियोजनाका वरिष्ठ सल्लाहकार हो-सुन सिनले सुरुआती मन्तव्य तथा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो। यस वर्षको कार्यक्रमअन्तर्गत तीनवटै निकायका संयुक्त अनुसन्धान टोलीले 'Develop Macro Stress-testing Framework for Financial Stability/Assessment' विषयमा अध्ययन/अनुसन्धान गर्ने गरी २०८० साउन ९ गते सोसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो। कार्यक्रममा परियोजना संयोजक डा. कियोङ्ग होन काङले समापन मन्तव्य राख्नुभएको थियो। ■

# तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न






बैंकर्स प्रशिक्षण केन्द्रले पुस २७ र २८ गते भक्तपुरको नगरकोटमा 'Stress Management for Executives' कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारी र डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभिन्न विभाग कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो । सो कार्यक्रममा मनोकान्ति केन्द्रका डा. योगी विकासानन्दले तनाव व्यवस्थापनका विविध पक्षबारे वार्ता प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा उहाँले तनावका कारण, यसको वैज्ञानिक र आध्यात्मिक पक्ष, तनाव मापनको प्राविधिक विधि र तनाव व्यवस्थापनका विषयमा चर्चा गर्नुभयो । साथै, उहाँले तनाव व्यवस्थापनका निम्ति विभिन्न योग, ध्यान तथा शारीरिक अध्यासका विधिको प्रदर्शन गर्नुभयो । कार्यक्रममा उहाँले स्वस्थ र सक्रिय जीवनशैली, सन्तुलित आहार, आध्यात्मिक चिन्तनका विषयमा प्रवचनसमेत दिनुभएको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले तनाव व्यवस्थापनका विभिन्न पक्षको प्रस्तुतिका निम्ति योगी विकासानन्द र उहाँको टीमप्रति आभार प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, “योगी विकासानन्दको प्रस्तुतिबाट हामीले तनाव व्यवस्थापनका विभिन्न विधिबारे जान्ने अवसर पायौं । हाम्रा निम्ति कार्यक्रम असाध्यै सान्दर्भिक र उपयोगी हुने मेरो विश्वास छ ।” यसबाट बैंकको नीति निर्माण तहमा रहेका उच्च अधिकृतहरूमा सकारात्मक प्रभाव पर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

केन्द्रका सहायक निर्देशक निकिता कायष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# लघुवित्त संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया

लघुवित्त संस्था सुपरिवेक्षण विभागले पुस २१ गते नेपालगञ्जमा लघुवित्त संस्थाका अध्यक्ष र सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बागमती (काठमाडौं उपत्यकाभित्र), गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशस्थित केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूसँगको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । वरिष्ठ डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा आयोजित कार्यक्रममा विभागका निर्देशक सृजना बास्तोलाले ‘संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली’ विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



सो अवसरमा नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले स्वागत मन्तव्य राख्नुभयो भने विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर तिम्सिनाले सहभागीबाट उठेका विषयलाई सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो । कार्यक्रममा ३० वटा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूको सहभागिता थियो । ■

# भुक्तानी प्रणालीसम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले पुस २१ गते अनुमतिप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० र अन्य नीतिगत व्यवस्थाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा आयोजित कार्यक्रममा भुक्तानी प्रणाली सिफारिस समितिका सदस्य, बैंकर्स सङ्घ, भुक्तानी प्रणाली र भुक्तानी सेवा प्रदायक संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ९० जनाको सहभागिता थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक पुष्करराज भट्टराईले 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८०' मा थप/संशोधन गरिएका व्यवस्था, भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति-२०७९, भुक्तानी तथा फछ्र्यौट विनियमावलीमा भएका संशोधन, अनुमतिपत्रप्राप्त संस्थाहरूको निरीक्षण/सुपरिवेक्षणको क्रममा देखिएका प्रमुख




कैफियत र गुनासो सुनुवाइ अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा डेपुटी गर्भनर मिश्रले डिजिटल प्रविधिका कारण भुक्तानी प्रक्रिया मितव्ययी, सरल, सहज र सुरक्षित भएको उल्लेख गर्दै भुक्तानी प्रणालीमा देखिएका चुनौतीको समाधानका निम्ति थप नीतिगत पहल गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले भुक्तानी प्रणालीमा नवप्रवर्द्धनले बैंकिङ क्षेत्रको विकास तथा स्थायित्वमा सहयोग पुग्ने चर्चा गर्नुभयो भने निर्देशक निभा श्रेष्ठले धन्यवाद ज्ञापन तथा उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तरक्रिया

आन्तरिक लेखापरीक्षण विभागले पुस ६ गते काठमाडौंमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

जोखिममा आधारित आन्तरिक लेखापरीक्षणका समस्या, चुनौती र अन्तर्राष्ट्रिय असल अभ्यासमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. शंकरप्रसाद आचार्य र लेखापरीक्षण समितिका सदस्य रामप्रसाद डोटेलको उपस्थितिमा आयोजित कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभाग र संस्थागत योजना विभागका कार्यकारी निर्देशक तथा निर्देशकसँगै अन्य कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा संयोजक आचार्यले जोखिमका प्रकृतिहरू परिवर्तन हुँदै आएको सन्दर्भमा आन्तरिक लेखापरीक्षण विभागले नेपाल राष्ट्र बैंकको मार्गदर्शनको रूपमा काम गर्नुपर्ने उल्लेख गर्दै विभागले औँल्याएका विषयबाट समग्र संस्थाको सुधारमा महत्वपूर्ण योगदान पुग्ने धारणा राख्नुभयो । यसै गरी, लेखापरीक्षण समितिका सदस्य डोटेलले प्रभावकारी ढङ्गबाट



जोखिममा आधारित लेखापरीक्षणको प्रतिवेदन संक्षिप्त, सरल र पूर्ण हुनुपर्ने उल्लेख गर्दै त्यसबाट बैंकको समग्र कार्यसम्पादनमा थप सुधार हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले 'Risk Management Policies, Directive and Procedure' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, आन्तरिक लेखापरीक्षण विभागका निर्देशक वीना ढकाल पौडेलले अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा नेपाल राष्ट्र बैंकको 'Internal Control Operation Manual' को मस्यौदाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, विभागका उप-निर्देशक केदारप्रसाद पोखरेलले 'जोखिममा आधारित आन्तरिक लेखापरीक्षण, अन्तर्राष्ट्रिय अभ्यास'का सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै यसको कार्यान्वयनको अवस्था र चुनौतीबारे प्रकाश पार्नुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक विमलराज खनालले समापन मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा निर्देशक डिलाराम सुवेदीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र महत्वबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक दीपेन्द्रप्रसाद पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया

गभर्नरको कार्यालयले पुस १२ गते काठमाडौंमा वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक र रेमिट्यान्स कम्पनीका प्रतिनिधिहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरको हो । कार्यक्रममा उप-निर्देशक वशिष्ठ अधिकारीले 'वित्तीय ग्राहक संरक्षण र गुनासो व्यवस्थापन' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय ग्राहकका गुनासो व्यवस्थापनका सन्दर्भमा राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था, गुनासो सुनुवाइ प्रक्रिया, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा रहेका व्यवस्था, राष्ट्र बैंकमा प्राप्त हुने गुनासोको प्रकृतिबारे जानकारी दिनुभयो ।

यसै गरी, उप-निर्देशक टेकराज भण्डारीले 'वित्तीय साक्षरता ढाँचा, २०२२' का मुख्य व्यवस्था र साक्षरता प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयासबारे चर्चा गर्नुभयो । इ-सेवा फोन-पे प्रालिका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले भुक्तानी सेवा प्रदायक संस्थाबाट प्रवाह भएका सेवा, तिनमा आउने गुनासो र सोको समाधानको निम्ति भएका अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो । सो अवसरमा उहाँले डिजिटल भुक्तानी कारोबार बढिरहेको उल्लेख गर्दै डिजिटल वित्तीय साक्षरता र ग्राहकका हित संरक्षणसम्बन्धी विषयको सान्दर्भिकताबारे चर्चा गर्नुभयो ।



सो अवसरमा बैंकका विदेशी विनिमय व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका अधिकारीहरूसँगै भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक संस्था र रेमिट्यान्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गी मास्केले समापन मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले पुस २ गते काठमाडौंमा शोधनान्तर तथ्याङ्क सङ्कलन र प्रशोधनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंकिङ विभागसँगै होटल, एयरलाइन्स, ट्राभल एजेन्सी, मनिचेञ्जरलगायत शोधनान्तर तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रमको पहिलो सत्रमा विभागका उप-निर्देशक स्वेक्षा शाक्यले 'शोधनान्तर तथ्याङ्क' सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रमको दोस्रो सत्रमा विभागका उप-निर्देशकहरू मेदनीप्रसाद पोखेल, सोना राना र कार्यपत्र प्रस्तोता शाक्यले तथ्याङ्क सङ्कलन र प्रशोधनका सन्दर्भमा सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले अन्तर्राष्ट्रिय मुद्रा कोषको मापदण्डअनुरुप राष्ट्र बैंकले शोधनान्तर तथ्याङ्क तयार गर्दै आएको उल्लेख गर्दै तथ्याङ्कको गोपनीयताका सम्बन्धमा निश्चिन्त रहन तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा विभागका का.मु. निर्देशक डा. वीरेन्द्रबहादुर बुढाले तथ्याङ्क सङ्कलन र रिपोर्टिङ कार्यलाई छरितो बनाउन स्वचालित प्रणालीलाई अवलम्बन गर्न तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।




कार्यक्रममा उप-निर्देशक सोना रानाले कार्यक्रमको आवश्यकता, उद्देश्य र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक मेरिना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शङ्कास्पद विदेशी मुद्राको नियन्त्रणसम्बन्धी अन्तरक्रिया




बैंकिङ विभागले पुस २५ गते 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र शङ्कास्पद विदेशी मुद्राबाट हुनसक्ने कारोबार रोकथाम' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित कार्यक्रममा विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त वाणिज्य बैंक, विकास बैंक, मनिचेञ्जर, होटल, ट्राभल एण्ड टुर्स र एयरलाइन्सका प्रतिनिधिसहित ६५ जनाको सहभागिता थियो । कार्यक्रममा विभागका उप-निर्देशक माधवप्रसाद पोखेलले 'नगद विदेशी मुद्राको कारोबारसम्बन्धी नियम तथा सोमा रहने जोखिम' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो भने उप-निर्देशक गेदा पंगेनीले 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् सहभागीहरूबीच कार्यपत्रउपर छलफल भएको थियो । विभागका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै कार्यकारी निर्देशक थापाले उक्त कार्यक्रमको आयोजनासँगै शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण, शङ्कास्पद विदेशी मुद्राको कारोबार र यसबाट हुन सक्ने जोखिम न्यूनीकरणमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । निर्देशक नीरा ताल्चाभडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सो अवसरमा विभागका का.मु. निर्देशक सुवास आचार्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक प्रलिशा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विदेशी विनिमय कारोबार र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले पुस ११ गते वीरगञ्जमा विदेशी विनिमय कारोबार र सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बारा, पर्सा र चितवनस्थित मनिचेञ्जर कम्पनीका सञ्चालक र कर्मचारीहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा उप-निर्देशक सचिनराज पियाले विदेशी विनिमय कारोबारसम्बन्धी विद्यमान व्यवस्था, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणलगायतका समसामयिक विषय र सहायक निर्देशक सफल श्रेष्ठले राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जरले FXOL System मार्फत गर्नुपर्ने रिपोर्टिङका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले मनिचेञ्जर कम्पनीको निरीक्षणका क्रममा प्राप्त कैफियतबारे चर्चा गर्दै सुधार गर्नुपर्ने विषयका सन्दर्भमा धारणा राख्नुभयो । कार्यक्रममा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले समापन मन्तव्य राख्दै राष्ट्र बैंकले जारी गरेका नीतिगत व्यवस्था र निर्देशनबमोजिम विनिमय कारोबार गर्न मनिचेञ्जर सञ्चालकहरूलाई निर्देशन दिनुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका कर्मचारीहरूको समेत सहभागिता थियो ।

विभागका उप-निर्देशक मधुसूदन दवाडीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक टीकाराम ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# मूल्य तथ्याङ्कसम्बन्धी तालिम तथा अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले लुम्बिनी प्रदेशका विभिन्न स्थानमा मूल्य सूचकाङ्कसम्बन्धी तालिम तथा अन्तरक्रिया सम्पन्न गरेको छ ।

उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष अद्यावधिक गर्ने सन्दर्भमा उक्त अन्तरक्रिया आयोजना गरिएको हो । यसै सिलसिलामा विभागले पुस ७ गते रुपन्देहीको भैरहवामा एक दिने अभिमुखीकरण/तालिम कार्यक्रम सञ्चालन गर्‍यो । विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशअन्तर्गत १३ वटा बजार केन्द्रमा मूल्य सङ्कलनकर्ताको रूपमा कार्यरत २६ जना शिक्षकहरूको सहभागिता थियो ।

सो अवसरमा उप-निर्देशक रवीन्द्र महर्जनले उपभोक्ता मूल्य सूचकाङ्कको परिचय र आधार वर्ष छनोटको महत्वसहित तथ्याङ्क सङ्कलन गर्दा ध्यान दिनुपर्ने विषयका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा तथ्याङ्कशास्त्री विपिन उपाध्यायले तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्ने र सङ्कलित तथ्याङ्कको रिपोर्टिङका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक श्रेष्ठले राष्ट्र बैंकबाट ५० वर्षदेखि उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन हुँदै आएको उल्लेख गर्दै मूल्य सूचकाङ्कलाई समयसापेक्ष बनाउन आधार वर्ष छनोट कार्य महत्वपूर्ण रहेको चर्चा गर्नुभयो । आउटलेट/ब्राण्ड र वस्तु/सेवा सर्वेक्षण तथा एकाइ छनोटमा बजार केन्द्रको सही प्रतिनिधित्वको लागि क्लस्टर छुट्याई आउटलेट लिनुपर्ने र वस्तु/सेवाको ब्राण्ड तथा विशेषता पहिचान गरी त्यसलाई सही ढङ्गले उल्लेख गर्न आवश्यक रहने धारणा उहाँले राख्नुभयो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक सन्तोष गुप्ताले स्वागत मन्तव्य राख्नुभयो भने अनुसन्धान विभागका सहायक ऋषिराम कोइरालाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




यसै गरी, विभागले पुस ९ गते गुल्मीको तम्घास बजार केन्द्रमा 'मूल्य तथ्याङ्क प्रदायक स्रोत पसल र सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम' आयोजना गर्‍यो । सो अवसरमा विभागका उप-निर्देशक महर्जनले मूल्य तथ्याङ्कको उपयोगिता र अन्य विषयमा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा गुल्मी उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष रामप्रसाद पन्थीले तम्घास बजार केन्द्रका स्रोत पसलधनीहरूलाई निर्धक्क भएर वास्तविक तथ्याङ्क उपलब्ध गराउन आग्रह गर्नुभयो भने महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद मरासिनीले मूल्य तथ्याङ्का विषयमा संक्षिप्त मन्तव्य राख्नुभएको थियो ।



सो अवसरमा कार्यकारी निर्देशक श्रेष्ठले सङ्कलित मूल्य यथार्थपरक भएमा त्यसका आधारमा तर्जुमा हुने नीति पनि प्रभावकारी हुने उल्लेख गर्दै यथार्थ तथ्याङ्क उपलब्ध गराउन सरोकारवालासमक्ष आग्रह गर्नुभयो । कार्यक्रममा मूल्य सङ्कलक शिक्षक शालिकराम पन्थीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सुवास पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

हाल आर्थिक अनुसन्धान विभाग, मूल्य महाशाखाले देशका विभिन्न ६० वटा बजार केन्द्रबाट सङ्कलित मूल्य तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०७१/७२ लाई आधार वर्ष मानेर उपभोक्ता मूल्य सूचकाङ्क गणना गरी प्रकाशन गर्दै आएको छ । विभागले चालु आर्थिक वर्ष २०८०/८१ लाई उपभोक्ता मूल्य सूचकाङ्कको नयाँ आधार वर्ष कायम गर्ने उद्देश्यका साथ देशभर ७७ जिल्लाका ८७ वटा बजार केन्द्रबाट तथ्याङ्क सङ्कलन गरिरहेको छ । ■

# विदेशी विनिमयसम्बन्धी अनुशिक्षण सम्पन्न




पोखरा कार्यालयले पुस २२ गते विदेशी विनिमय कारोबारको इजाजत तथा रिपोर्टिङ प्रणाली र मनिचेञ्जर सञ्चालनका नीतिगत व्यवस्थाका सम्बन्धमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी विनिमय कारोबारको निम्ति पोखरा कार्यालयबाट इजाजतपत्र लिएका मनिचेञ्जर, ट्रेकिङ एजेन्सी, ट्राभल एजेन्सी, होटल तथा अन्य सङ्घसंस्थाका प्रतिनिधिको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक यसोधा पोखरेलले 'मनिचेञ्जर तथा विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षणसम्बन्धी विद्यमान नीतिगत व्यवस्था' र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक महेशदत्त भट्टले 'FXOL Software Reporting' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले विदेशी विनिमय कारोबारमा देखिएका नीतिगत र व्यावहारिक समस्याको समाधानका निम्ति विभागसँग समन्वय गरेर अघि बढ्न सुझाव दिनुभयो । साथै, उहाँले सहभागीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

कार्यक्रममा इजाजतपत्रप्राप्त संस्थाका प्रतिनिधिका तर्फबाट विदेशी विनिमय कारोबार र सोको निम्ति इजाजतपत्र नवीकरणमा देखिएका समस्याका विषयमा आ-आफ्ना गुनासो, धारणा र जिज्ञासा राखिएको थियो । पोखरा कार्यालयका निर्देशक आर्या जोशीले समापन मन्तव्य राख्दै यस्ता कार्यक्रमबाट सम्बद्ध व्यवसायीका समस्या पहिचान भई समाधानका निम्ति नीतिगत व्यवस्था परिमार्जनमा सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । कार्यालयका प्रधान सहायक राजेन्द्र लम्सालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जोखिम व्यवस्थापनसम्बन्धी अनुशिक्षण सम्पन्न



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले पुस १४ गते जोखिम व्यवस्थापनसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टको उपस्थितिमा आयोजित कार्यक्रममा निर्देशक, उप-निर्देशकसहित अन्य कर्मचारीहरूको सहभागिता थियो । कार्यक्रममा विभागका निर्देशक विनोदराज आचार्यले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक हिमप्रसाद न्यौपानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक खगेश्वर भण्डारीले 'Risk Management Policy, 2023' र उप-निर्देशक आलोकज्योति शाक्यले 'Risk Management Procedure, 2023' / 'Risk Management Directive, 2023' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा कार्यकारी निर्देशक भट्टले समापन मन्तव्य राख्दै सहभागी कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभयो । विभागका सहायक निर्देशक प्रदीपकुमार काफ्लेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सिद्धार्थनगरमा एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २३ गते सिद्धार्थनगरमा बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन तथा सो निर्देशनमा गर्नुपर्ने संशोधनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख र अन्य सरोकारवाला क्षेत्रका प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा एकीकृत निर्देशनमा रहेका व्यवस्था, यसको पछिल्लो संशोधन र कार्यान्वयनका पक्षबारे छलफल भएको थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक रागनी सिंहले राष्ट्र बैंकबाट निर्देशनका विविध पक्षबारे उल्लेख गर्दै निर्देशन जारी गर्दा अवलम्बन गरिने प्रक्रिया, यसको व्यावहारिक पक्ष, बैंक तथा वित्तीय संस्थाका अपेक्षालगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा सहभागीका तर्फबाट राष्ट्र बैंकबाट जारी निर्देशनको कार्यान्वयन र चुनौतीका विषयमा धारणा राखिएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले सहभागीबाट प्राप्त राय/सुझाव तथा जिज्ञासाको सम्बोधन गर्दै राष्ट्र बैंकले जारी गरका नीति/निर्देशनको प्रभावकारी कार्यान्वयनका निम्ति बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो । सो अवसरमा विभागका निर्देशक राजेन्द्र भट्टराईले स्वागत मन्तव्य तथा सिद्धार्थनगर कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीले समापन मन्तव्य राख्नुभयो । विभागका सहायक निर्देशक शान्ता गिरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाइको आयोजनामा पुस २६ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



नेपाल राष्ट्र बैंक बाट इजाजतपत्रप्राप्त 'ख', 'ग' र निक्षेप सङ्कलन गर्ने 'घ' वर्गका वित्तीय संस्थाका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समितिका सदस्यहरूको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी तीन वटा कार्यपत्र प्रस्तुत भएका थिए । इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले पारस्परिक मूल्याङ्कन प्रतिवेदन तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी प्रावधान, मुक्तिनाथ विकास बैंकका कार्यान्वयन अधिकारी जगदीशकुमार श्रेष्ठले आफ्नो संस्थामा रहेका नीति, अभ्यास र आइसीएफसी फाइनान्सका कार्यान्वयन अधिकारी सुरज तिमल्सिनाले संस्थागत जोखिम मूल्याङ्कन, गो-एएमएल प्रणालीमा रिपोर्टिङ तथा इकाइसँगको समन्वयका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण, पारस्परिक मूल्याङ्कन तथा वित्तीय जानकारी इकाइलाई गर्नुपर्ने रिपोर्टिङका सम्बन्धमा छलफल भएको थियो ।

सो अवसरमा इकाइका प्रमुख दीर्घबहादुर रावलले आपराधिक तथा आतङ्ककारी क्रियाकलाप वित्तीय लगानी र शङ्कास्पद कारोबारको नियन्त्रणका निम्ति सूचक संस्थाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै त्यस्ता कारोबारको प्रभावकारी रिपोर्टिङ हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको पालना गर्न र यसबारे सचेतना फैलाउनसमते उहाँले सरोकारवाला संस्थाहरूलाई आह्वान गर्नुभयो ।

कार्यक्रममा डेभलपमेण्ट बैंकर्स एसोसिएसन, नेपालका अध्यक्ष सुयोग श्रेष्ठले पारस्परिक मूल्याङ्कनले औंल्याएका कैफियत सुधारका क्षेत्रमा आफ्नो संस्थाको तर्फबाट सहयोग गर्ने र आफूहरूले चाल्नुपर्ने कदमका सम्बन्धमा एसोसिएसनभित्र थप छलफल चलाउने प्रतिबद्धता जनाउनुभयो । सो अवसरमा सहभागीका तर्फबाट लुम्बिनी विकास बैंकका हरिकृष्ण सुवेदी र निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाका लक्ष्मण न्यौपानेले मन्तव्य राख्नुभएको थियो । ■

# नेपालगञ्जमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाइले पुस ६ गते नेपालगञ्जमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण र गो-एएमएल प्रणालीका सम्बन्धमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

विभिन्न सहकारीसम्बद्ध संस्थाका प्रतिनिधिहरूको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा लुम्बिनी प्रदेश सहकारी विभाग, नेपालगञ्ज उप-महानगरपालिकाको सहकारी विभाग, लुम्बिनी प्रदेश सहकारी सङ्घ, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ लिमिटेड, नेपाल केन्द्रीय कृषि सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक लिमिटेड, बाँके, बर्दिया, दाङ, कैलाली र सुर्खेतस्थित जिल्ला सहकारी सङ्घसँगै ती जिल्लाका सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा सहकारी संस्थाले पालना गर्नुपर्ने कानुनी तथा नियामकीय प्रावधान, चुनौती र समाधानका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, सहायक निर्देशक कमल पौडेलले गो-एएमएल प्रणालीमा आबद्धता भई रिपोर्टिङ गर्नुपर्ने आवश्यकता, सोको प्रक्रिया र विद्यमान अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणलाई प्रभावकारी बनाउन गो-एएमएल प्रणालीमा आबद्ध हुन सबै सहकारी संस्थाहरूलाई आग्रह गर्नुभयो । सम्पत्ति शुद्धीकरणसम्बन्धी विषय विश्वव्यापी एजेण्डा रहेको उल्लेख गर्दै उहाँले नेपाललाई वित्तीय अपराधमुक्त मुलुक बनाउनका निम्ति सूचक संस्थाहरूको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यमा सरोकारवाला निकायबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । लुम्बिनी प्रदेश सहकारी सङ्घका अध्यक्ष प्रेम सुवेदीले सहकारी संस्थाहरूमा पनि वित्तीय सुशासन आवश्यक रहेको उल्लेख गर्दै गो-एएमएल प्रणालीमा आबद्धता र रिपोर्टिङको निम्ति राष्ट्रिय सहकारी महासङ्घअन्तर्गतका प्रदेश तथा जिल्ला सङ्घहरू प्रतिबद्ध रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल केन्द्रीय कृषि सहकारी सङ्घका सञ्चालक देवबहादुर केसी र नेपाल केन्द्रीय बहुउद्देश्यीय सहकारी सङ्घका सञ्चालक भूपेन्द्र अधिकारीले सम्पत्ति शुद्धीकरण निवारण र गो-एएमएल प्रणालीको आबद्धताका सन्दर्भमा आ-आफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा इकाइका सहायक निर्देशक समीरकुमार सिंहले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । ■

# आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी सम्पन्न



नेपालगञ्ज कार्यालयले पुस ५ गते 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित गोष्ठीमा बाँके र बर्दिया जिल्लाका तथ्याङ्क प्रदायक सरकारी कार्यालय, स्थानीय तह, उद्यमी/व्यवसायी, अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित करिब ५० जनाको सहभागिता थियो । कार्यक्रममा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले कार्यपत्र प्रस्तुत गर्दै आर्थिक तथ्याङ्कको आवश्यकता, महत्व र तथ्याङ्क सङ्कलनमा देखिएका समस्याबारे चर्चा गर्नुभयो ।

गोष्ठीमा सहभागीका तर्फबाट तथ्याङ्क सङ्कलनसम्बन्धी केही फारमहरू परिमार्जन गर्नुपर्ने, आर्थिक तथ्याङ्कको विश्वसनीयताको निम्ति स्थानीय स्तरमा नेपाल राष्ट्र बैंक, सरकारी निकाय र उद्योगहरूबीच समन्वयात्मक संयन्त्र निर्माण गर्नुपर्ने सुझाव प्राप्त भएको थियो । सो अवसरमा कार्यालयका निर्देशक कोइरालाले समयमै तथ्याङ्क उपलब्ध गराउन सरोकारवालाहरूलाई अनुरोध गर्दै समापन मन्तव्य राख्नुभयो । कार्यालयका प्रधान सहायक विष्णुबहादुर केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# मुद्रास्फीतिको सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भ



✍ धर्मेन्द्र तिमल्सिना
सहायक निर्देशक

मुद्रास्फीति बढ्दो मूल्यको शृङ्खला हो । यसलाई सामान्यतया वार्षिक आधारमा व्यक्त गरिन्छ । उदाहरणको लागि कुनै महिनामा पाँच प्रतिशत मुद्रास्फीति छ भन्नुको तात्पर्य समग्र अर्थतन्त्रमा मूल्यस्तर १२ महिनाअघिको तुलनामा पाँच प्रतिशत बढी छ भन्ने बुझिन्छ । मुद्रास्फीति एउटा महत्वपूर्ण परिसूचक हो, जसले अर्थतन्त्रको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा जानकारी दिन्छ । घरपरिवारको आम्दानी तथा लागत तुलना गरी समाजको जीवनस्तर मापन गर्नका लागि मुद्रास्फीति महत्वपूर्ण सूचक हो ।

मागप्रेरित मुद्रास्फीति (Demand-Pull Inflation), लागतप्रेरित मुद्रास्फीति (Cost-Push Inflation) र बिल्ट-इन मुद्रास्फीति (Built-In Inflation) गरी मुद्रास्फीतिलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । अर्थतन्त्रको उत्पादन क्षमताभन्दा मुद्रा र कर्जाको वृद्धि हुँदा समग्र रूपमा वस्तु तथा सेवाको माग बढ्न गई मूल्य वृद्धि हुने अवस्था मागप्रेरित मुद्रास्फीति हो । उत्पादन प्रक्रियामा उत्पादन लागत वृद्धि भई वस्तु तथा सेवाको मूल्यवृद्धि हुने अवस्था लागतप्रेरित मुद्रास्फीति हो । बिल्ट-इन मुद्रास्फीति भने हालको मुद्रास्फीति भविष्यमा समेत कायम रहने आममानिसको अपेक्षासँग सम्बन्धित छ । जसले गर्दा आम मानिसले वस्तु तथा सेवाको मूल्य भविष्यमा समेत समान रूपमा बढ्ने अपेक्षा गर्दछन् । अतः कामदारहरूले आफ्नो जीवनस्तर कायम राख्न बढी ज्याला माग गर्दछन् । बढेको ज्यालादरले उत्पादित वस्तु तथा सेवाको मूल्य वृद्धि हुन जान्छ र यो ज्याला-मूल्यको चक्र निरन्तर कायम रहन्छ ।

मुद्रास्फीतिले समाजको धनीभन्दा न्यून आय वर्गलाई बढी असर गर्छ । धनीहरू मुद्रास्फीतिको प्रभावबाट आफूलाई जोगाउन तथा फाइदा लिन सक्षम हुन्छन् । धनीहरूको लगानीको पोर्टफोलियोमा विविधीकरण हुने भएकाले मुद्रास्फीतिबाट आफूलाई जोगाउने सम्भावना रहन्छ भने न्यून आय भएकाहरूको पोर्टफोलियोमा नगदको हिस्सा ठूलो हुने भएकाले मुद्रास्फीतिबाट आफूलाई जोगाउने सम्भावना कम हुन्छ । यसर्थ, न्यून आय भएका मजदुर, जागिरे, पेन्सन धारकलगायतका वर्गहरू मुद्रास्फीतिबाट बढी प्रभावित हुन्छन् ।

मुद्रास्फीतिका कारणहरू विविध छन् । घाटा बजेट (Deficit Finance) मा आधारित भई सरकारको खर्च बढेको अवस्थामा समग्र मागमा हुने बढोत्तरीले मुद्रास्फीति बढाउँछ । यसै गरी, केन्द्रीय बैंकले लिने मौद्रिक नीतिले पनि मुद्रास्फीति निर्धारण गर्दछ । केन्द्रीय बैंकले ब्याजदर घटाउने, मात्रात्मक सहजता (Quantitative Easing) लगायतका नीति लिएको खण्डमा अर्थतन्त्रमा मुद्राको आपूर्ति बढ्न जान्छ, जसले मुद्रास्फीति निम्त्याउन सक्छ । यद्यपि सरकारको खर्च र केन्द्रीय बैंकको नीति उत्पादनशील क्षेत्रमा केन्द्रित हुन सकेमा अर्थतन्त्रमा रोजगारी सिर्जना भई अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न जान्छ ।

उत्पादन लागत बढेको अवस्थामा पनि मुद्रास्फीति हुने गर्दछ । मजदुरको ज्यालादर बढ्नु, कच्चा पदार्थको मूल्य बढ्नु, आपूर्ति शृङ्खलामा अवरोध हुनुलगायतका कारणले उत्पादनको लागत बढ्न जान्छ । यसै गरी, विनिमय दरमा भएको परिवर्तनका कारण समेत मुद्रास्फीति हुने गर्दछ । स्वदेशी मुद्रा अवमूल्यन भएको अवस्थामा आयातमा आधारित अर्थतन्त्रमा मुद्रास्फीति हुने गर्दछ । अर्कोतर्फ बजारमा हुने सट्टा गतिविधि जस्तै; घरजग्गा र सेयर बजारमा हुने लगानीले पनि मुद्रास्फीति हुन सक्छ ।

मुद्रास्फीतिले उपभोक्ताको क्रयशक्ति कमजोर बनाउँछ । जसले उपभोक्ताको वास्तविक आय घटाउनुका साथै बचत समेत घटाउँछ । बचत घट्नाले ब्याजदर बढ्न जान्छ । उच्च दर र अनुमान गर्न नसकिने मुद्रास्फीतिले अर्थतन्त्रमा अनिश्चित वातावरण सिर्जना गर्दछ । उच्च ब्याजदर र अनिश्चितताका कारण लगानीमा कमी आउँछ ।

विकासको चरणमा मानिसको जीवनस्तरमा भएको सुधार, सहरीकरण जस्ता कारणले खाद्यान्नलगायतका सामग्रीको माग बढ्न जान्छ । जसले हाम्रो जस्तो आन्तरिक उत्पादन क्षमता कम भएको अर्थतन्त्रमा खाद्यान्नलगायतका सामग्रीको आयातमा वृद्धि हुन जान्छ र मूल्य बढ्छ । यसले बाह्य क्षेत्रमा दबाबसमेत बढाउँछ ।



### मुद्रास्फीति किन महत्वपूर्ण सूचक हो ?

उत्पादन, उपभोग, लगानी र बाह्य व्यापार आदिले देशको समग्र आर्थिक अवस्था चित्रण गर्दछ भने सरकारको बजेट, मूल्य, मद्राप्रदाय, भुक्तानी सन्तुलन आदिले देशको आर्थिक स्थायित्वको चित्रण गर्दछ। यसर्थ, मुद्रास्फीति आर्थिक स्थायित्वको महत्वपूर्ण सूचक हो। मुद्रास्फीतिले उपभोक्ताको खर्च, लगानी, रोजगारी, कर नीति, ब्याजदरलगायत अर्थतन्त्रका समग्र पक्षहरूमा असर गर्दछ। यसर्थ उपभोक्ता, लगानीकर्ता, सरकारलगायत सबैलाई मुद्रास्फीतिको अवस्थाको जानकारी हुन जरुरी छ।

### मध्यमस्तरको मुद्रास्फीती किन आवश्यक छ ?

मूल्यस्तर मध्यम दरमा स्थिर रूपमा बढिरहेको छ भने त्यस्तो अवस्थालाई मध्यमस्तरको मुद्रास्फीति भन्न सकिन्छ। सामान्यता मूल्यवृद्धिलाई हानिकारक मानिने भए तापनि अर्थशास्त्रीहरू मध्यमस्तरको मुद्रास्फीतिले आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने विश्वास गर्छन्। मध्यमस्तरको मुद्रास्फीतिले उद्योगी तथा व्यवसायीको तत्कालीन नाफा वृद्धि गर्दछ। जसले गर्दा उद्योगी तथा व्यवसायीमा थप उत्पादनको प्रेरणा प्रदान गर्दछ।

### अत्यधिक मुद्रास्फीति

मुद्रा आपूर्ति तीव्र हुने तर आर्थिक वृद्धिले समर्थन नगर्ने अवस्थामा अत्यधिक मुद्रास्फीति (hyperinflation) हुने गर्दछ। विगतमा विभिन्न देशहरूले अत्यधिक मुद्रास्फीति सामना गरेका छन्। सबैभन्दा पछिल्लो अत्यधिक मुद्रास्फीतिको उदाहरणको रूपमा जिम्बावेलाई लिइन्छ। जहाँ सन् २००८ मा मूल्यवृद्धि २४ घण्टामै करिब दोब्बर (दैनिक ९८ प्रतिशत) पुगेको थियो। सो अवस्था यतिसम्म खराब थियो कि जिम्बावे सरकारले मुद्रास्फीतिको आधिकारिक तथ्याङ्क प्रकाशन गर्न छाडेको थियो। यसै गरी, हङ्गेरीले सन् १९४६, युगोस्लाभियाले जनवरी १९९४, जर्मनीले अक्टोबर १९२३, ग्रीसले अक्टोबर १९४४ ले सामना गरेका मुख्य अत्यधिक मुद्रास्फीति हुन्। नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्याङ्कअनुसार नेपालको उच्चतम मुद्रास्फीति २१.०५ (आ.व. २०४८/४९) प्रतिशत रहेको छ। यद्यपि यो अत्यधिक मुद्रास्फीति भने होइन। मुद्रास्फीतिको दर मासिक ५० प्रतिशतभन्दा माथि रहेको अवस्थालाई अत्यधिक मुद्रास्फीति भन्ने गरिन्छ। पछिल्लो समय सन् २०२३ डिसेम्बरमा टर्कीको मुद्रास्फीति ६५ प्रतिशत रहेको थियो।

### फिलिप्स कर्भ (Phillips Curve)

मुद्रास्फीति र बरोजगारीको सम्बन्ध देखाउने सिद्धान्त फिलिप्स कर्भ (Phillips Curve) हो। 

> **बजारमा बिचौलियाहरूको प्रभुत्व रहेको छ। जसका कारण बिचौलियाले उत्पादकहरू (विशेष गरी किसान) र साना उद्योगीसँग सस्तोमा वस्तु/सेवा खरिद गर्ने र उपभोक्तालाई उच्च मूल्यमा बिक्री गर्ने परिपाटी संस्थागत भइसकेको छ। यसले पनि मूल्यस्फीतिमा थप चाप पर्ने गरेको छ।**

विलियम फिलिप्सको यो आर्थिक सिद्धान्तले मुद्रास्फीति र बेराजगारी दरबीच एक स्थिर र विपरीत सम्बन्ध हुने दाबी गर्दछ। तसर्थ, यस सिद्धान्तले नीति निर्मातालाई तुलनात्मक रूपमा उच्च मुद्रास्फीति र न्यून बेरोजगारी दर अथवा न्यूनतम मुद्रास्फीति र उच्च बेरोजगारी दरमध्ये एक संयोजन रोज्नुपर्ने विकल्प प्रदान गर्दछ। यद्यपि, सन् १९७० को दशकमा देखिएको सुस्त आर्थिक वृद्धि, उच्च बेरोजगारी दर र उच्च मुद्रास्फीतिको अवस्थाले यो सिद्धान्तमा प्रश्नचिह्न खडा हुन गयो।

### मन्दी-मुद्रास्फीति

अर्थतन्त्रमा उच्च मुद्रास्फीतिका साथै आर्थिक वृद्धिदर न्यून एवम् बेरोजगारीसमेत निरन्तर रूपमा उच्च रहने अवस्थालाई मन्दी-मुद्रास्फीति (stagflation) भनिन्छ। मन्दी-मुद्रास्फीतिले नीति निर्मातालाई चुनौतीपूर्ण अवस्थामा पुऱ्याउँछ। मुद्रास्फीति नियन्त्रण गर्ने उपायले आर्थिक वृद्धिदर अझै सुस्त बनाउन सक्छ भने आर्थिक वृद्धि बढाउने उपायको प्रयोग गर्दा मुद्रास्फीति अझै खराब अवस्थामा पुग्न सक्छ।

### मुद्रास्फीति कसरी नियन्त्रण गरिन्छ ?

उच्च दरको मुद्रास्फीतिले उपभोक्ताको क्रयशक्ति घटाइ न्यून आय वर्गलाई प्रतिकूल प्रभाव पार्ने तथा नीति निर्माता तथा उद्योगी व्यवसायीमाभ्क अनिश्चितताको वातावरण सिर्जना गरी आर्थिक स्थायित्वमा समेत प्रतिकूल प्रभाव पार्ने हुँदा यसलाई बाञ्छित सीमाभित्र राख्न आवश्यक छ।

कसिलो मौद्रिक नीति अवलम्बन गरी मुद्रास्फीति नियन्त्रण गर्न सकिन्छ। यसमा विभिन्न उपायद्वारा अर्थतन्त्रको मुद्राको आपूर्ति घटाइन्छ। मुद्राको आपूर्ति घटाउँदा समग्र उपभोगमा कमी आउनुका साथै मूल्य घट्दै जान्छ, जसले मुद्रास्फीति नियन्त्रण गर्न सहयोग गर्छ। सरकारी खर्च कटौती गर्ने वित्तीय नीति अवलम्बन गरेर समेत मुद्रास्फीति नियन्त्रण गर्न सकिन्छ।

### वर्तमान नेपालको मुद्रास्फीतिको सन्दर्भ

युक्रेन-रुस युद्ध, बढ्दो पेट्रोलियम पदार्थको मूल्य, बैंकको ब्याजदरलगायतका कारणले हाल नेपालको मुद्रास्फीतिमा चाप परेको छ। विभिन्न अध्ययनले भारतीय मुद्रासँगको स्थिर विनिमय दरका कारणले भारतमा हुने मुद्रास्फीतिले नेपालको मुद्रास्फीतिमा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ।

यसै गरी, विप्रेषणबाट प्राप्त हुने आय उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न नसकी अत्यधिक रूपमा उपभोगमा प्रयोग हुने गरेकाले मुद्रास्फीतिलाई मलजल पुग्ने गरेको छ। विप्रेषणबाट आएको रकम घरजग्गा र सेयरबजारजस्ता अनुत्पादक क्षेत्रतर्फ मोडिँदा सट्टेबाजी प्रोत्साहित हुने गरेको र प्राप्त आम्दानीले समग्र माग बढाउने हुँदा मुद्रास्फीतिमा चाप पर्ने गरेको छ।

कालाबजारी, राजनीतिक संरक्षण तथा पर्याप्त/प्रभावकारी बजार अनुगमनको अभाव आदि कारणले नेपालको बजार अपूर्ण (imperfect) रहेको छ। जसको कारणले बिक्रेताले आफूखुसी मूल्य निर्धारण गर्ने परिपाटी व्याप्त छ। जसले कृत्रिम मूल्यवृद्धि सिर्जना गरिरहेको छ। त्यस्तै, बजारमा बिचौलियाहरूको प्रभुत्व रहेको छ। जसका कारण बिचौलियाले उत्पादकहरू (विशेष गरी किसान) र साना उद्योगीसँग सस्तोमा वस्तु/सेवा खरिद गर्ने र उपभोक्तालाई उच्च मूल्यमा बिक्री गर्ने परिपाटी संस्थागत भइसकेको छ। यसले पनि मूल्यस्फीतिमा थप चाप पर्ने गरेको छ।

गुणस्तरीय र भरपर्दो यातायात पूर्वाधारको अभावका कारणले पनि नेपालको मूल्यवृद्धिमा प्रभाव पर्ने गरेको छ। बाढीपहिरोलगायतका प्राकृतिक प्रकोपका कारण यातायात पूर्वाधारमा पुग्ने क्षतिले गर्दा ग्रामीण क्षेत्रको कृषि उत्पादन बजारसम्म नपुग्ने र आयात गर्नुपर्ने कारणले समेत मुद्रास्फीतिमा चाप पर्ने गरको छ। यसै गरी, कृषि उपजहरूको भण्डारण गर्ने पूर्वाधारको अभावले कृषि उपजहरू नष्ट भएर जाने तर बेमौसममा आयातित उपज महँगोमा खरिद गर्नुपर्ने बाध्यता छ। यसले समेत मुद्रास्फीतिमा चाप परिरहेको देखिन्छ।

### सन्दर्भ सामग्री

- www.cnbc.com
- www.econlib.org
- www.investopedia.com

# विराटनगर, जनकपुर र पोखरामा समसामयिक विषयमा अन्तरक्रिया



विराटनगर कार्यालयले पुस १२ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। विभिन्न वाणिज्य बैंक र विकास बैंकका मुख्य शाखा कार्यालयका प्रबन्धकहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा कार्यालयका उप-निर्देशक लक्ष्मीप्रसाद तिम्सिनाले बैंकमा जम्मा गरिने नोटको सुरक्षा र सर्टिङमा विशेष ध्यान दिन बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो। उप-निर्देशक मनोज गुरुङले नोट सर्टिङमा एकरूपता कायम गर्न, नोटको ओसारपसारमा सुरक्षित बाकसको प्रयोग गर्न र बैंकिङ समयभित्रै नगद दाखिला गर्न अनुरोध गर्दै क्लियरिङ चेकमा बारम्बार दस्तखत फरक हुने, चेक राइटर नहुनेलगायतका समस्याको समाधान र बैंकमा जम्मा हुन आउने विदेशी मुद्राको पहिचानमा थप सजगता अपनाउन आग्रह गर्नुभयो। सो अवसरमा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले स्वागत मन्तव्य राख्दै कर्जा, निक्षेप, सेवा शुल्क तथा कालो सूचीका सम्बन्धमा विभिन्न माध्यमबाट यस कार्यालयमा प्राप्त वित्तीय ग्राहकका उजुरी र गुनासोबारे बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले राष्ट्र बैंकको निर्देशनको कार्यान्वयन र बैंकिङ क्षेत्रमा देखिएका समस्याको समाधानको निम्ति प्रतिबद्धता जनाएका थिए। सो अवसरमा कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले छलफलमा उठेका विषयवस्तुबारे प्रकाश पार्दै बैंकमा हुन सक्ने सञ्चालन जोखिमप्रति सजगता अपनाउन आग्रह गर्नुभयो। कार्यालयका प्रधान सहायक सुरेश रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

जनकपुर कार्यालयले पुस १७ गते बैंक तथा वित्तीय संस्थाहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा जनकपुरस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो।

कार्यक्रममा कर्जा असुलीमा देखिएका समस्या, स्थिति र सामाधानका उपाय, सहुलियतपूर्ण कर्जाको स्थिति, वर्तमान समयमा बढी माग भइरहेको कर्जाको प्रकृति, तरलता र कर्जा विस्तारको स्थिति, चालु पुँजी कर्जा मार्गदर्शनको कार्यान्वयन स्थिति, कालो सूचीमा सूचीकरण सम्बन्धमा सेवाग्राहीको गुनासोलगायतका विषयमा छलफल भएको थियो।

कार्यक्रममा कार्यालयका निर्देशक अशोक घिमिरेले कार्यक्रममा उठेका विषयवस्तुबारे स्पष्ट पार्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो। सो अवसरमा कार्यालयका उप-निर्देशक सुजन खनालले छलफलमा उठेका समस्याको समाधानका उपायबारे चर्चा गर्नुभयो। सो अवसरमा सहायक निर्देशक राधेश्याम साहले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक धिरज साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, पोखरा कार्यालयमा पनि पुस २५ गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसँग अन्तक्रिया कार्यक्रम सम्पन्न भयो। निर्देशक आर्या जोशीको अध्यक्षतामा आयोजित कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय, अध्यागमन कार्यालय, बैंकर्स एसोसिएसन पोखरा, डेभलपमेण्ट बैंकर्स एसोसिएसन, फाइनान्स कम्पनी, ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल-पोखरा, मुद्रा सटही व्यवसायी सङ्गठनसहित अन्य सरोकारवाला सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो। कार्यक्रममा विदेशी विनिमय कारोबार, निषेधित क्षेत्रमा ट्रेकिङ गर्दा पर्यटकले बुझाउनुपर्ने रोयल्टीबापतको विदेशी मुद्रालगायतका विषयमा सहभागीहरूबीच छलफल भएको थियो।

सो अवसरमा कार्यालयका पोखरा कार्यालयका निर्देशक जोशीले गण्डकी प्रदेशमा विदेशी विनिमय कारोबारमा देखिएका समस्याको समाधानका निम्ति सरोकारवाला निकाय र सङ्घसंस्थाबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यालयका सहायक निर्देशक यशोधा पोखरेलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■





# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



२०८० पुस महिनामा विभिन्न विभाग/कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएका छन्। यसै क्रममा विराटनगर कार्यालयले पुस ४ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले 'सरकारी कारोबारको परिचय तथा प्रदेश सरकारको खाता सञ्चालन प्रक्रिया' विषयमा वार्ता प्रस्तुत गर्दै सरकारी कारोबारसम्बन्धी नीतिगत व्यवस्था, दैनिक कारोबारको लेखाङ्कन, हिसाबमिलानलगायतका विषयबारे जानकारी दिनुभयो।

धनगढी कार्यालयले पुस ५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका का.मु.निर्देशक अस्मिता गोर्खाली नेपालले 'Financial Inclusion and Value of Sex Disaggregated Data (SDD) Reporting' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो। त्यस क्रममा उहाँले वित्तीय समावेशीकरणका विभिन्न आयाम, वित्तीय समावेशीकरणको लागि विगतमा भएका प्रयास र उपलब्धि, वित्तीय पहुँचसम्बन्धी सूचकलगायतका विषयमा जानकारी दिनुभयो।



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले पुस १२ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो। कार्यक्रममा विभागका सहायक निर्देशक प्रदीपकुमार काफ्लेले बैंकको कामकारबाहीलाई सूचारु राख्नेसम्बन्धी योजना (Business Continuity Plan-BCP) का विविध पक्षबारे जानकारी दिनुभयो। कार्यक्रममा विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले व्यवसाय निरन्तरता योजनाको महत्वबारे चर्चा गर्दै उक्त योजनाको कार्यान्वयमा सबै कर्मचारीको महत्वपूर्ण भूमिका हुने धारणा राख्नुभयो। सो अवसरमा विभागका निर्देशक विनोदराज आचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

यसै गरी, बैंकिङ विभागले पुस १२ गते विप्रेषण कारोबारसम्बन्धी विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा सहायक निर्देशक पूर्णिमा खड्काले 'बैंकिङ विभागमा हुने विप्रेषण कारोबार' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विभागअन्तर्गत रहेको विप्रेषण फाँटबाट नियमित रूपमा हुने विप्रेषण (इन/आउट) सम्बन्धी विषयमा प्रस्तुति दिनुभयो। सो अवसरमा विभागका कार्यकारी निर्देशक विश्रुत थापाले उक्त विषयको प्रस्तुतिबाट विभागका सम्पूर्ण कर्मचारीलाई विप्रेषण कारोबारसम्बन्धी ज्ञान अभिवृद्धि भएको धारणा राख्नुभयो। विभागका का.मु. निर्देशक सुवास आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे





प्रकाश पार्नुभएको थियो ।

भुक्तानी प्रणाली विभागले पुस १९ गते उक्त कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा विभागका सहायक निर्देशक राजेश पनेरुले 'Digitalization and Financial Inclusion: Key takeaways from the training held at CAB-RBI, Pune, India' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले उक्त कार्यक्रमबाट कर्मचारीको ज्ञानको दायरा विस्तार गर्दै नीति निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

आन्तरिक लेखापरीक्षण विभागद्वारा पुस २२ गते आयोजित ज्ञान आदानप्रदान कार्यक्रममा उप-निर्देशक केदारप्रसाद पोखरेलले 'जोखिममा आधारित आन्तरिक लेखापरीक्षण कार्यविधि' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । लेखापरीक्षणका कार्य गर्दा ध्यान दिनुपर्ने विषयमा प्रस्तुत कार्यपत्र केन्द्रित रहेको थियो । सो अवसरमा विभागका कार्यकारी निर्देशक विमलराज खनालले लेखापरीक्षण प्रतिवेदन सरल, संक्षिप्त र पूर्ण हुनुपर्ने उल्लेख गर्दै प्रतिवेदनको गुणस्तर अभिवृद्धि गर्न निर्देशन दिनुभयो । कार्यक्रममा विभागका निर्देशकद्वय डिलाराम सुवेदी र वीना ढकाल पौडेलले लेखापरीक्षणका विविध विषयमा धारणा राख्नुभएको थियो । ■





# तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न



२०८० पुस महिनामा प्रदेशस्थित कार्यालयहरूमा कर्मचारीकेन्द्रित तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न भएका छन् । यसै क्रममा विराटनगर कार्यालयले झापा जिल्लाको दोमुखामा एक कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा तनाव व्यवस्थापनमा सहयोग पुग्ने किसिमका मनोरञ्जनात्मक कार्यक्रम समावेश गरिएको थियो । कार्यक्रममा कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले यस्ता कार्यक्रमबाट कर्मचारीलाई ऊर्जाशील बनाउने र कार्यवातावरण सकारात्मक भई उत्पादकत्व अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

यसै गरी, सोही दिन वीरगञ्ज कार्यालयले पनि पर्सा जिल्लाको ठोरीमा तनाव व्यवस्थापन कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, कलैया आश्रमका ब्रह्माकुमारी सुस्मा दिदीसहित तीन जना प्रशिक्षकले स्वस्थ जीवनशैली र तनाव व्यवस्थापनका विविध विषयमा प्रशिक्षण दिनुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले तनाव व्यवस्थापन कार्यक्रमबाट कार्यालयको वातावरण र कर्मचारीको कार्यदक्षता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

सुर्खेत कार्यालयले पनि पुस ७ गते तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा योग ध्यान प्रशिक्षक कृष्णा न्यौपाने (भुषाल) ले तनाव व्यवस्थापन गर्न योग (शारीरिक) र ध्यान (मानसिक)का विविध पक्षबारे प्रशिक्षण दिनुभयो । कार्यक्रममा कार्यालय प्रमुख उप-निर्देशक बाबुराम कोइरालाले योग, ध्यान र सकारात्मक सोचको अभ्यासले कर्मचारीमा तनाव न्यूनीकरण भई कार्यालयको कार्यसम्पादनमा सुधार आउने धारणा राख्नुभयो ।

यसै गरी, पोखरा कार्यालयले पुस २१ गते कास्कीको सराङकोटमा तनाव व्यवस्थापन कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा जीवन विज्ञान प्रशिक्षक शंकर पोखरेलले तनाव उत्पन्न हुने कारण र यसको व्यवस्थापनका विविध पक्षबारे जानकारी दिनुभयो । सो अवसरमा पोखरा कार्यालयका निर्देशक आर्या जोशीले तनाव व्यवस्थापनमा ध्यानको महत्वबारे चर्चा गर्दै ध्यान विधिको प्रयोगात्मक प्रस्तुति दिनुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । ■







# केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले पुस महिनामा विभिन्न दुई वटा अधिकृतस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले पुस १ देखि ६ गतेसम्म भक्तपुरको बोडेमा 'Macroeconomic Modeling & Forecasting' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १८ वटा सेसनमा सञ्चालित उक्त तालिममा १२ वटा सैद्धान्तिक, तीन कार्यशाला, दुई प्रभाव मूल्याङ्कन र एक वटा सामूहिक प्रस्तुति रहेको थियो। तालिममा आर्थिक अनुसन्धान विभागका चारसहित ३० जना कर्मचारीको सहभागिता थियो। अर्थशास्त्रका विभिन्न मोडेल र तथ्याङ्कीय उपकरणको प्रयोग गरी तथ्याङ्क विश्लेषण गर्ने तथा तथ्याङ्कको पूर्वानुमान गरी समष्टिगत आर्थिक सूचकहरूको तर्कपूर्ण समीक्षा गर्न सक्षम तुल्याउने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको केन्द्रले जनाएको छ।

यसै गरी, केन्द्रले पुस १६ देखि १८ गतेसम्म 'Central Bank's Law & Application in Department Level Decision Making' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। नौ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयका २९ जना कर्मचारीको सहभागिता थियो। तालिममा नेपालको कानुनी व्यवस्था, कानुन निर्माण प्रक्रिया, अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार विरुद्धका कानुन, विधिको शासन, बैंकिङ कसुरसम्बन्धी कानुनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। ■

# अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सहायक निर्देशक (इलेक्ट्रोनिक्स) लवकुमार प्रधानले माघ १९ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, जनकपुर कार्यालयका कार्यालय सहयोगी तृतीय राजकिशोर ठाकुरले पनि सेवाबाट अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल